**छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ४ २०८० पौष २७ गते

भाग-१

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको ऐन नं. १

## <u>छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण (पहिलो संशोधन) ऐन, २०८०</u>

# छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण (पहिलो संशोधन) ऐन, २०८०

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण (पहिलो संशोधन) ऐन, २०८० रहेको छ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण ऐन, २०८० को दफा १ मा संशोधनः** छायाँनाथ रारा नगरपालिका जलचर एवं जलीय विविधता संरक्षण ऐन, २०८० (यस पछि “मूल ऐन” भनिएको) को दफा १ मा,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) यस ऐनको नाम छायाँनाथ रारा नगरपालिकाको “जलचर एवं जलीय विविधता संरक्षण (पहिलो संशोधन) ऐन, २०८० रहेको छ।”

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।”

३. **मूल ऐनको दफा ४४ मा संशोधनः** मूल ऐनको दफा ४४ को,-

(१) दफा ४४ को सट्टा देहायको दफा ४५क. राखिएको छः-

"४५क. जरीवाना"

४. **मूल ऐनको दफा ४५ मा संशोधनः** मूल ऐनको दफा ४५ को,-

(१) दफा ४४ को सट्टा देहायको दफा ४५ख. राखिएको छः-

"४५ख. पुरस्कार दिने"

निर्णय भएको मितिः २०८०/०९/२७

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत